# वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७८

<u>प्रस्तावना:</u> प्रदेश सरकारको सार्वजनिक वित्तीय प्रणाली विधिसम्मत, पारदर्शी, व्यवस्थित, मितव्ययी, नागरिकमैत्री र प्रभावकारी बनाउन वित्तीय प्रणालीका सम्भावित जोखिमको क्षेत्र पहिचान एवम् लेखाजोखा गरि वित्तीय सुशासन प्रवर्द्धन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ प्रदेश सरकारले यो कार्यविधि बनाएकोछ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम " वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अङ्कभार” भन्नाले यस कार्यविधि बमोजिम वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरुमा तोकिए बमोजिमको अङ्कलाई सम्झनुपर्छ।

(ख) "कार्ययोजना" भन्नाले वित्तीय सुशासन जोखिम न्यूनिकरण कार्ययोजना सम्झनु पर्छ।

(ग) “प्रतिवेदन” भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजा सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनुपर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाऊँछ ।

(घ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्छ। र सो शब्दले मुल्याङ्कन प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाऊँछ।

(ङ) "निकाय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई सम्झनु पर्छ। सो शब्दले प्रदेश कानुन बमोजिम गठित निकायहरुलाई समेत जनाऊँछ।

(च) “प्रक्रियागत जोखिम” भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया उल्लङ्घनको सम्भावनालाई सम्झनुपर्छ।

(छ) “नतिजागत जोखिम” भन्नाले सार्वजनिक श्रोत साधनको प्रयोगबाट सकारात्मक परिणाममुखी परिवर्तन वा लक्षित वर्गको जीवनस्तरमा सकारात्मक परिवर्तन आउन नसक्ने सम्भावनाको जोखिम सम्झनुपर्छ।

(ज) “वित्तीय अनुशासनसम्वन्धी जोखिम” भन्नाले सार्वजनिक शक्ति, स्रोत, साधन र अधिकारलाई निजी फाइदाका लागि उपयोग हुने सम्भावनाको जोखिमलाई सम्झनुपर्छ।

(झ) “वित्तीय सुशासन जोखिम” भन्नाले राजश्व प्रशासन, योजना तथा बजेट तर्जुमा, बजेट कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन र लेखापरीक्षण कार्यमा तोकिएको प्रक्रियाको पालना नहुने, सार्वजनिक



सचिव

प्रमुख सचिव

वित्तीय स्रोत तथा साधान तोकिएको वर्ग, लक्ष्य, कार्य र प्रयोजनमा खर्च नहुने, उपलव्ध स्रोत कम प्राथमिकताको क्षेत्रमा खर्च हुने र अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई सम्झनुपर्छ।

(ञ) "सूचक" भन्नाले यस कार्यविधिको अनुसूची-३ र अनुसूची-४ मा उल्लेख गरिएका सूचकहरूलाई सम्झनुपर्छ।

(ट) "मूल्याङ्कन" भन्नाले यस कार्यविधि बमोजिम सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा विद्यमान नीतिगत एवम् कानूनी व्यवस्था र कार्यक्रम एवम् क्रियाकलापको कार्यान्वयन अवस्था र सो बाट हासिल भएका उपलब्धिहरुको लेखाजोखा गर्ने प्रक्रियालाई सम्झनुपर्छ।

(ठ) "प्रदेश सचिव" भन्नाले प्रदेश मन्त्रालय वा निकायका सचिव वा प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ।

(ड) "काबु बाहिरको परिस्थिति" भन्नाले मन्त्रालय वा निकायको नियन्त्रण बाहिरको परिस्थिति सम्झनुपर्छ।

## परिच्छेद-२

## मूल्याङ्कनको विषयक्षेत्र, तह र सूचकहरू

३. मूल्याङ्कनका विषयक्षेत्रः (१) यस कार्यविधिको अधीनमा रही प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कनका विषय क्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः–

(क) योजना, बजेट, कार्यक्रम तर्जुमा एवम् स्वीकृति

(ख) कार्यान्वयन तथा व्यवस्थापन

(ग) लेखाङ्कन तथा प्रतिवेदन

(घ) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण र

(ङ) राजस्व तथा धरौटी व्यवस्थापन

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तर्गत प्रदेश मन्त्रालय वा निकायगत मूल्याङ्कनको हकमा देहाय बमोजिम सूचकहरुको तह हुनेछन्।

(क) प्रक्रियागत जोखिम

(ख) नतिजागत जोखिम

(ग) वित्तीय अनुशासनसम्वन्धी जोखिम

(३) उपदफा (२) बमोजिमका सूचकका तह अनुसारको अङ्कभार अनुसूची-१ अनुसार रहनेछ।

(४) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तरगत प्रदेशको वित्तीय सुशासन जोखिमको एकीकृत मूल्याङ्कनको अङ्कभार अनुसूची-२ बमोजिम हुनेछ।

(५) मन्त्रालय वा निकायगत वित्तीय सुशासन लेखाजोखा मूल्याङ्कनका सूचकहरू र मूल्याङ्कन तालिका अनुसूची-३ बमोजिम तथा प्रदेशको समष्टिगत वित्तीय सुशासनको एकीकृत जोखिम मूल्याङ्कनका सूचक र मूल्याङ्कन तालिका अनुसूची-४ बमोजिम हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, प्रदेश नं.-१, बिराटनगर, नेपाल

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

## परिच्छेद-३

## मुल्याङ्कनको प्रक्रिया तथा अङ्कभार

४. **मूल्याङ्कन प्रक्रिया:** (१) यस कार्यविधि बमोजिम मूल्याङ्कन गर्दा मन्त्रालय तथा निकायगत सूचकको हकमा सम्बन्धित मन्त्रालय वा निकायले र प्रदेशको एकीकृत सूचकको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन नतिजा प्राप्त भएपछि अनुसूची-५ बमोजिम वित्तीय सुशासन जोखिम अवस्थाको वर्गीकरण गरिनेछ।

(३) अनुसूची-५ बमोजिम वित्तीय सुशासन लेखाजोखाको वर्गीकरण गर्दा पचास प्रतिशत भन्दा कम नतिजा हासिल गरेमा उच्च वित्तीय जोखिम रहेको मानिनेछ र असी प्रतिशत भन्दा बढी नतिजा हासिल गरेमा वित्तीय सुशासनको अवस्था राम्रो भएको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको मुल्याङ्कन नतिजा प्राप्त भएपछि मन्त्रालय वा निकायको हकमा सम्बन्धित मन्त्रालय वा निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमातिमा अनसुची-७ बमोजिमको ढाँचामा वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(५) प्रदेशको एकीकृत मुल्याङ्कनको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनसुची-७ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत् कार्यान्वयनमा ल्याउनु पर्नेछ।

(६) प्रदेश मन्त्रालय वा निकायगत वित्तीय सुशासन जोखिम मूल्याङ्कनको सारांश अनुसुची-६ बमोजिम र प्रदेशको एकीकृत मूल्याङ्कनको सारांश अनुसूची-२ बमोजिम हुनेछ।

५. **मन्त्रालय वा निकायको भूमिका:** (१) यस कार्यविधि बमोजिम मन्त्रालय वा निकायको लागि निर्धारण गरिएको सूचकको मूल्याङ्कन प्रक्रियामा मन्त्रालयको भूमिका देहाय अनुसार हुनेछ:-

(क) मन्त्रालय र मातहतका निकायका कर्मचारीहरूलाई मूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी गराउने तथा प्रशिक्षित गर्ने।

(ख) मूल्याङ्कन कार्यको सहजीकरण र समन्वय गर्न प्रदेश सचिवले एक जना महाशाखा प्रमुखलाई संयोजक तोक्ने र तीन वा पाँच सदस्यीय कार्यदल गठन गर्ने।

(ग) मन्त्रालय र मातहतका निकायको वित्तीय सुशासन जोखिमको विश्लेषण गरी मूल्याङ्कन गर्ने।

(घ) यस कार्यविधि बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचामा प्रविष्टि गर्ने।

(ङ) मूल्याङ्कन नतिजाको प्रारम्भिक प्रतिवेदन उपर मन्त्रालय वा निकायमा समीक्षा गर्ने।

(च) मूल्याङ्कन नतिजाको अन्तिम प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने।

(छ) मूल्याङ्कन नतिजा मन्त्रालय वा निकायको वेवसाइटमार्फत सार्वजनिक गर्ने।

प्रमुख सचि

६. <u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिकाः</u> (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको सूचकको मूल्याङ्कन प्रक्रियामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका देहाय अनुसार हुनेछः-

(क) मन्त्रालयहरूलाई वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने।

(ख) यस कार्यविधि बमोजिम मन्त्रालयगत वा निकायगत रूपमा भएको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने।

(ग) यस कार्यविधि बमोजिम मुल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चित गर्ने।

(घ) प्रदेशको वित्तीय सुशासनको एकीकृत लेखाजोखा र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने।

(ङ) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा मन्त्रालयहरूको वर्गीकरण गर्ने।

(च) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग हुने विद्युतीय प्रणाली तयार गरी प्रयोगमा ल्याउने।

(छ) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग र सहजीकरण गर्ने।

(ज) यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सहजीकरण गर्न सम्बन्धित महाशाखालाई जिम्मेवारी तोक्ने।

(झ) नतिजा विश्लेषणको आधारमा मन्त्रालयहरूको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गर्ने।

(ञ) यस कार्यविधि बमोजिम तयार गरिएको मन्त्रालय वा निकायगत र प्रदेशको एकिकृत प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय तथा आवश्यकताअनुसार नेपाल सरकारका अन्य निकायहरूलाई समेत उपलब्ध गराउने।

(२)मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले उपदफा (१) वमोजिमको कार्य जिम्मेवारी आर्थिक मामीला तथा योजना मन्त्रालय मार्फत गर्न गराउन सक्नेछ।

७. <u>मूल्याङ्कन गरिने समयावधिः</u> (१) यस कार्यविधि अनुसारको मूल्याङ्कनको कार्य प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७८/७९ मा गरिने अघिल्लो आर्थिक वर्षको मूल्याङ्कन २०७८, फागुन मसान्तभित्र गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्कगणना गर्नुपर्नेछ। प्रतिवेदन र बेरुजुको हकमा गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानिनेछ।

८. <u>नतिजाको समीक्षा गर्नेः</u> (१) यो कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वार्षिक समीक्षा गर्न सक्नेछ।

९. <u>मूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्नेः</u> (१) प्रदेश सरकारले मूल्याङ्कनबाट प्राप्त नतिजा, पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ।

मुख्य सचिव

प्रमुख सचिव

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा एक आर्थिक वर्षको परिणाम आइसके पश्चात् अर्को आर्थिक वर्षको मूल्याङ्कन प्रक्रिया शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै गरिसक्नुपर्नेछ।

## परिच्छेद-४

## विविध

१०. कार्यसम्पादन सूचकको रूपमा लिन सकिने: (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई मन्त्रालय वा निकायको कार्य सम्पादन सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) मन्त्रालय वा निकायलाई बजेटको सीमा (सिलिङ) उपलब्ध गराउँदा यस कार्यविधि बमोजिमको नतिजालाई समेत आधार मानिनेछ।

११. उत्कृष्ट मन्त्रालय वा निकायको घोषणा सम्बन्धी व्यवस्था: (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालय वा निकायहरूको मूल्याङ्कन वित्तीय सुसासनको आधारमा उत्कृष्ट मन्त्रालय वा निकाय घोषणा गर्नेछ।

१२. बजेट व्यवस्था: (१) यो कार्यविधि बमोजिम गरिने वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यको लागि आवश्यक बजेटको व्यवस्था सम्बन्धित मन्त्रालय वा निकायले गर्नेछ।

१३. मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितता: (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मूल्याङ्कनको गुणस्तर सुनिश्चितता परीक्षणको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(२) काबु बाहिरको परिस्थिति परी यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको कुनै सूचकमा नतिजा हासिल हुन नसकेको भए सोको व्यहोरा खुलाई प्रतिवेदनमा उल्लेख गर्न सकिनेछ।

१४. बाधा अड्काउ फुकाउन सक्ने: यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची- १

दफा ३ को उपदफा (३) सँग सम्बन्धित

**मन्त्रालयगत वा निकायगत वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचक र अङ्कभार**

१. सूचकको प्रकार

(क) प्रक्रियागत जोखिम : कानूनी प्रक्रियाको उल्लङ्घनको जोखिम दर्शाउने सूचकहरू।

(ख) नतिजागत जोखिम : जनताको जीवनमा परिणाममुखी र सकारात्मक परिवर्तन नहुने गरी सार्वजनिक स्रोतको प्रयोग हुने जोखिमका सूचकहरू।

(ग) वित्तीय अनुशासन सम्वन्धी जोखिम : सार्वजनिक शक्ति, साधन श्रोत र अधिकारलाई निजी फाइदाका लागि उपयोग हुने सम्भावनाको जोखिमका सूचकहरू।

२. सूचकको अङ्कभार : स्थिति विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएको छः

| सूचकहरू | भार अनुपात | नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार |
|---|---|---|
| प्रक्रियागत जोखिम | [redacted] | प्रत्येक सूचकको १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ। छ वा छैनका आधारमा ० वा १ अङ्क एकमुष्ट दिइनेछ। सान्दर्भिक नहुने सूचकलाई कैफियतमा N/A खुलाई १ अङ्क राखी नतिजा विश्लेषण गरिनेछ। |
| नतिजागत जोखिम | [redacted] | |
| वित्तीय अनुशासन सम्वन्धी जोखिम | [redacted] | |

सचिव

प्रमुख सचिव

अनुसूची- २

दफा ३ को उपदफा (४) र

दफा ४ को उपदफा (६) सँग सम्बन्धित

## प्रदेशको वित्तीय सुशासनको एकीकृत लेखाजोखाको अङ्कभार र सारांश तालिका

१. मूल्याङ्कनको सारांश तालिकाः

| विषय क्षेत्र | जम्मा सूचक | जम्मा अङ्क भार | नतिजा सूचकहरु अनुसार प्राप्ताङ्क | | | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | |
| योजना, बजेट, कार्यक्रम तर्जुमा तथा स्वीकृति | १६ | ३२ | | | | |
| कार्यान्वयन तथा व्यवस्थापन | १४ | २८ | | | | |
| लेखाङ्कन तथा प्रतिवेदन | १० | २० | | | | |
| अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | ८ | १६ | | | | |
| राजस्व तथा धरौटी व्यवस्थापन | १० | २० | | | | |
| जम्मा | ५८ | ११६ | | | | |

२. नतिजा सूचकहरुको अवस्था अनुसारको अङ्कभारः कमजोर, सामान्य र उत्तम गरी प्रत्येक सूचकको तीनवटा अवस्था निर्धारण गरिएको छ। कमजोर, सामान्य र उत्तमको लागि अङ्कभार क्रमशः ०, १ र २ निर्धारण गरिएकोछ।

अनुसूची- ३

दफा ३ को उपदफा (५) सँग सम्बन्धित

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

**मन्त्रालयगत वा निकायगत वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरू र मूल्याङ्कन तालिका**

क. योजना, बजेट, कार्यक्रम तर्जुमा तथा स्वीकृति

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| (क) प्रक्रियागत सूचकहरु | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| १. वार्षिक योजना तथा बजेट तर्जुमा कार्यतालिकाको पालना भएको । | १ | | |
| २. मन्त्रालय वा निकायसँग सम्बन्धित वार्षिक बजेट तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाहरूको छनौट र प्राथमिकीकरण गर्ने गरिएको। | १ | | |
| ३. आयोजना बैंकमा आयोजना समावेश गर्ने तथा त्यस्तो वैंकबाट निश्चित आधार वमोजिम कार्यान्वयनका लागि आयोजना छनौट गर्ने गरिएको। | १ | | |
| ४. मन्त्रालय वा निकायगत मध्यकालीन खर्च संरचना तयार गर्ने गरिएको। | १ | | |
| ५. प्रतिवद्ध दायित्व, अनिवार्य दायित्वको खर्च र क्रमागत आयोजनाका लागि आवश्यक र पर्याप्त बजेट बिनियोजन गरेर मात्र नयाँ आयोजना वा कार्यक्रममा बजेट विनियोजन भएको। | १ | | |
| ६. मन्त्रालय वा निकाय र मातहतका कार्यालयबाट खर्च हुने गरी प्रस्ताव गरिने बजेट तथा कार्यक्रम सम्बन्धित कार्यालयबाटै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरिएको। | १ | | |
| ७. सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७ बमोजिम वार्षिक खरिद योजना, खरिद गुरुयोजना र प्रस्तावित आयोजना वा कार्यक्रमको उपलब्धि सूचक (Output) तयार गरी बजेट तर्जुमा गर्ने गरिएको। | १ | | |
| ८. मन्त्रालय वा निकायले आफ्नो मन्त्रालय वा निकायसँग सम्बन्धित वार्षिक विकास कार्यक्रम स्वीकृत गरी आफ्नो वेवसाइटमा सार्वजनिक गरेको। | १ | | |
| ९. मन्त्रालय वा निकायको लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरी कार्यान्वयन गर्न मातहतका निकाय र वित्तीय हस्तान्तरणको हकमा स्थानीय तहमा समेत कार्यक्रम सञ्चालन मार्गदर्शन समयमा उपलब्ध गराउनका साथै आफ्नो वेवसाइटमा समेत सार्वजनिक गरेको। | १ | | |
| १०. नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहायता लिएको वा बैदेशिक अनुदान वा सहयोगमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिएको। | १ | | |
| ११. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी भएको मार्गदर्शनको | १ | | |



प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| पालना गरिएको। | | | |
| १२. मन्त्रालय वा निकायलाई प्राप्त बजेटको सीमा (सिलिङ) भित्र रही बजेट प्रस्ताव गरिएको। संघीय समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा तथा लागत साझेदारीमा कार्यान्वयन हुने अन्य कार्यक्रमहरुमा तोकिएबमोजिम लागत साझेदारीको लागि बजेट विनियोजन गरिएको। | १ | | |
| १३. चालु खर्चको बजेट प्रस्ताव गर्दा खर्च सिर्जना गर्ने आधार र प्रस्तावित रकमको पुस्ट्याई खुलाएको। नयाँ आयोजनाको हकमा सम्भाव्यता अध्ययन गर्न वा सम्भाव्यता अध्ययन पश्चात आगामि वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई सहित प्रस्ताव गरिएको । क्रमागत आयोजनाको हकमा खरिद योजना वा सम्झौता अनुरुप खर्च हुन सक्ने रकम मात्र प्रस्ताव गरिएको। | १ | | |
| (ख) नतिजागत सूचकहरु | | | |
| १४. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा वा स्वीकृत गर्दा प्रदेशको कार्यक्षेत्रभित्र रहेर मात्र बजेट बिनियोजन गर्ने गरिएको। | १ | | |
| १५. प्रदेश आवधिक योजनाको आधारमा मन्त्रालयले पाँच वर्षीय रणनीतिक कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको। | १ | | |
| १६. मन्त्रालयले बजेट बिनियोजन गर्दा सबै क्षेत्रको सन्तुलित विकास हुने गरी बजेट बिनियोजन गरेको। | १ | | |
| १७. सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमानको आधारमा मात्र बजेट बिनियोजन गरिएको। | १ | | |
| १८. मन्त्रालयको लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका र मार्गदर्शन तयार गरी मातहतका सम्बन्धित निकायमा उपलब्ध गराउनका साथै आफ्नो वेवसाईटमा सार्वजनिक गरेको। | १ | | |
| १९. आवधिक योजनाको आधारमा मन्त्रालयसँग सम्बन्धित आयोजना बैंकमा रहेका आयोजनाहरुलाई प्राथमिकताका आधारमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेको। | १ | | |
| (ग) वित्तीय अनुशासन सम्बन्धी सूचकहरु | | | |
| २०. योजना, बजेट तर्जुमा तथा कार्यक्रम स्वीकृतिका लागि तर्जुमा गरिएका ऐन, कानुन, नियमावली, कार्यविधि, मार्गदर्शन, निर्देशन र परिपत्र पालना गरेको। | १ | | |
| २१. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा महामारी तथा विपद व्यवस्थापन, भैपरी आउने खर्चका लागि बाहेक अन्य कार्यक्रमका लागि एकमुष्ट (अबण्डामा) बजेट विनियोजन नगरिएको। | १ | | |
| २२. संघीय वित्तीय समानिकरण अनुदानको रकम प्रशासनिक खर्चमा विनियोजन नगरेको। | १ | | |
| २३. स्वीकृत बजेटको परिधिभन्दा बाहिर गई आर्थिक वर्षको वीचमा नयाँ आयोजना वा कार्यक्रम थप गर्ने र स्थानीय तहमा थप वित्तीय हस्तान्तरण | १ | | |

| | | | |
|---|---|---|---|
| नगरेको। | | | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

## ख. कार्यान्वयन तथा व्यवस्थापन

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| (क) प्रक्रियागत सूचकहरु | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क छ (१) | छैन (०) |
| २४. तोकिएको समयभित्रै बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा र कार्यसम्पादन सम्झौता गरी वेवसाईट मार्फत सार्वजनिक गरेको। | १ | | |
| २५. विनियोजित बजेट र संशोधित कार्यक्रम अनुसार वार्षिक खरिद योजना र खरिद गुरुयोजना संशोधन भएको। | १ | | |
| २६. सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद कार्यको जिम्मेवारी र खरिद विधिको पालना गरिएको। | १ | | |
| २७. सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताबाट मात्र खरिद गरिएको। | १ | | |
| २८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम भवनसम्बन्धी आयोजनाहरू कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहबाट नक्सा पास गरी सो अनुसार मात्र भवन निर्माण गरिएको। | १ | | |
| २९. मन्त्रालय र मातहतका सबै निकायले भवन भाडामा लिदा सम्बन्धित स्थानीय तहबाट नक्सा पास भएको र सम्पत्ति करको दायरामा आएको भवन मात्र भाडामा लिने गरिएको। | १ | | |
| ३०. मन्त्रालय र मातहतका सबै निकायले कर्मचारीको तलबी प्रतिवेदन पारित गराएको। | १ | | |
| ३१. सबै खरिद कार्यमा पहिलो चौमासिक भित्र ठेक्का सम्झौता गरी कार्यादेश दिइएको र जेष्ठ मसान्तभित्र कार्यसम्पन्न गरिएको। | १ | | |
| ३२. कार्यक्रम तथा वित्तीय कारोबारको कार्य सञ्चालन विनियोजित बजेट अनुसार प्रचलित कानुनले निर्धारण गरे बमोजिम सञ्चालन भएको। | १ | | |
| ३३. विकास आयोजना र कार्यक्रम सञ्चालन गर्न कार्य सञ्चालन मापदण्ड तयार गरेको। | १ | | |
| (ख) नतिजागत सूचकहरु | | | |
| ३४. स्वीकृत वार्षिक बजेट र कार्यक्रमको सीमा वा रकम, खर्च शीर्षक, क्रियाकलाप र खर्चको मापदण्ड भित्र रही सबै निकायले खर्च गरेको। | १ | | |
| ३५. गत आर्थिक वर्षमा मन्त्रालय र मातहतका सबै निकायहरूको कम्तीमा ८०% वित्तीय र भौतिक प्रगति हासिल भएको। | १ | | |
| ३६. तेश्रो चौमासिकमा कुल खर्चको ४०% भन्दा कम र आषाढ महिनामा २०% भन्दा कम खर्च भएको। | १ | | |

प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| ३७. प्राप्त माग आकृती फारम अनुसार प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति भएको। | १ | | |
| ३८. आयोजना तथा कार्यक्रमको उपलब्धि निर्धारित उद्देश्य र लक्ष्य अनुरुप भएको। | १ | | |
| ३९. गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानको रकम ८०% भन्दा बढी खर्च भएको। | १ | | |
| (ग) ) वित्तीय अनुशासन सम्बन्धी सूचकहरु | | | |
| ४०. सार्वजनिक खरिदमा विद्युतीय खरिद प्रणाली (e-bidding) पूर्णरुपमा कार्यान्वयनमा ल्याइएको। | १ | | |
| ४१. गत आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको। | १ | | |
| ४२. उपभोक्ता समिति मार्फत हुने सार्वजनिक खरिद कार्य उपभोक्ता समिति आफैले सम्पादन गरेको। | १ | | |
| ४३. उपभोक्ता समितिको गठन र सञ्चालन प्रचलित कानून अनुसार भएको र उपभोक्ता समिति वा गैर सरकारी संस्थाहरुबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको नियमानुसार लागत सहभागिता जुटाएको। | १ | | |
| ४४. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याएको। | १ | | |
| ४५. म्याद नाघेको पेश्की फछ्र्यौट गर्न बाँकि नभएको। | १ | | |
| ४६. खरिद विधि परिवर्तन र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्यलाई टुक्रा नगरिएको। | १ | | |
| ४७. सबै खरिद कार्य सम्झौताको म्याद भित्रै सम्पन्न भएको। | १ | | |
| ४८. कार्य स्वीकार प्रतिवेदन विना अन्तिम विल भुक्तानी नगरिएको । | १ | | |
| ४९. श्रोत सुनिश्चितता र बजेट व्यवस्था नभई खरिद प्रक्रिया प्रारम्भ नगरिएको। | १ | | |
| ५०. दोश्रो चौमासिकसम्म खर्च नभएको र त्यसपछिको बाँकी अवधिमा पनि खर्च हुन नसक्ने भएमा चैत्र १५ गते भित्र बजेट समर्पण गरेको। | १ | | |
| ५१. सार्वजनिक सम्पत्ति, राजश्व र बजेट रकमको दुरुपयोग, हानीनोक्सानी, हिनामिना वा मस्यौट नभएको। | १ | | |
| ५२. भौतिक सम्पतिको संरक्षणको लागि उचित भण्डारण तथा नियन्त्रणको प्रभावकारी व्यवस्था भएको। | १ | | |
| ५३. निर्वाचित पदाधिकारीलाई प्रदेश कानुन बमोजिम र कर्मचारीलाई प्रचलित कानुन बमोजिम मात्रै सेवा सुविधा उपलव्ध गराइएको। | १ | | |

ग. लेखाङ्कन तथा प्रतिवेदन

| विवरण | अङ्कभार |
|---|---|
| (क) प्रक्रियागत सूचकहरु | |

| | पूर्णाङ्क | प्राप्ताङ्क | |
|---|---|---|---|
| | | छ (१) | छैन (०) |
| ५४. निर्धारित ढाँचा, प्रक्रिया र स्वीकृत सूचना प्रविधिमा आधारित प्रणाली अनुरुप आर्थिक कारोबारको लेखाङ्कन गरिएको। | १ | | |
| ५५. जिन्सी मालसामानको उपयोग तथा लेखाङ्कन प्रचलित कानुनले तोकेको प्रक्रिया अनुरुप भएको। | १ | | |
| ५६. वित्तीय प्रतिवेदनहरु प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको ढाँचा र समय सीमाभित्र तयार गरी प्रस्तुत गरिएको। | १ | | |
| ५७. संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १२(४) बमोजिम प्रदेश सरकारबाट स्वीकृत निर्देशिका तथा कार्यविधिहरू सार्वजनिक रुपमा प्रकाशित भएको। | १ | | |
| ५८. संघ सशर्त, समपुरक र विशेष अनुदानको खर्च र उपलब्धिको प्रगति प्रतिवेदन नियमित रुपमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा निकायमा पठाउने गरेको। | १ | | |
| ५९. कार्य सम्पादन प्रतिवेदन र एकीकृत आर्थिक प्रतिवेदन तयार गरी तोकिएको समय सीमाभित्र प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको। | १ | | |
| ६०. सार्वजनिक निकायबाट भएको खर्चको मासिक विवरण प्रत्येक महिना समाप्त भएपछिको सात दिन भित्र सार्वजनिक गरेको। | १ | | |
| (ख) नतिजागत सूचकहरु | | | |
| ६१. जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनि औंल्याएको मालसामान तीन महिना भित्र मर्मत गरेको। | १ | | |
| ६२. जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि औंल्याएको मालसामान तोकिएको प्रक्रिया बमोजिम सोही आर्थिक वर्ष भित्र लिलाम बिक्री गरेको। | १ | | |
| ६३. आन्तरिक लेखा परीक्षणको वार्षिक कार्य योजना अनुरुप आन्तरिक लेखा परीक्षण सम्पन्न गरी सोको प्रतिवेदन गरेको। | १ | | |
| ६४. जुनसुकै श्रोतबाट प्राप्त भएको चलअचल सम्पत्तिको जिन्सी आम्दानी बाँधी लगत कायम गरी प्रयोग गर्नेको भरपाई सहितको सहायक खाता राखेको। | १ | | |
| ६५. तलब, भत्ता जस्ता अनिवार्य खर्च बाहेक रु.पचास हजारभन्दा माथिको खर्च भुक्तानी गर्दा सूचना पाटीमा वा वेवसाईट मार्फत् बिल, बीजक सार्वजनिक गरेको। | १ | | |
| (ग) वित्तीय अनुशासन सम्बन्धी सूचकहरु | | | |
| ६६. चालु आर्थिक वर्षको कार्तिक मसान्तभित्र गत आर्थिक वर्षको बजेट कार्यान्वयनको प्रगति समीक्षा एवम् मूल्याङ्कन गरी सोको प्रतिवेदनलाई वेवसाइटमा सार्वजनिक गरेको। | १ | | |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

| | | | |
|---|---|---|---|
| ६७. प्रचलित कानूनले तोकेको सीमा भित्र रही रकमान्तर गरेको। | १ | | |
| ६८. सबै प्रकारका भुक्तानी बैंकिङ प्रणालीबाट मार्फत गरी कर कट्टीको रकम ETDS गरेको। | १ | | |
| ६९. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र ६ को प्रावधान अनुरूप सूचना अधिकारी तोकी आफ्नो निकायसम्बन्धी सूचना आवधिक रुपमा अद्यावधिक गरी प्रकाशन गरेको। | १ | | |
| ७०. मन्त्रालय र मातहतका निकायका स्थायी कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको विवरण राष्ट्रिय किताबखानामा बुझाएको। | १ | | |
| ७१. प्रदेश तहमा निर्वाचित तथा मनोनीत लाभको पद धारण गरेका पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण प्रस्तुत गरेको र वेवसाईट मार्फत सार्वजनिक गरिएको। | १ | | |
| ७२. नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याएको र जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य उक्त प्रणाली मार्फत हुने गरेको। | १ | | |
| ७३. सार्वजनिक सम्पत्तिको प्रयोग अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र हुने गरेको र त्यस सम्बन्धी कार्यको अभिलेख अद्यावधिक राख्ने गरेको। | १ | | |
| ७४. जिन्सी निरीक्षण प्रतिवेदन तोकिएको समयमा तयार गरी वेवसाईट मार्फत सार्वजनिक गरिएको। | १ | | |
| ७५. आर्थिक वर्षको अन्तसम्ममा खर्च हुन नसकि बाँकी रहेको अनुदान र अन्य रकम सञ्चित कोषमा फिर्ता दाखिल गरेको। | १ | | |

## घ. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| (क) प्रक्रियागत सूचकहरु | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| ७६. अन्तिम लेखापरीक्षणको प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र आफ्नो वेवसाइटमा सार्वजनिक गरिएको। | १ | | |
| ७७. आन्तरिक लेखापरीक्षणले औंल्याएका बेरुजुलाई अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गर्ने गरिएको। | १ | | |
| ७८. आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकाय वा विद्युतीय प्रणालीमा उपलब्ध गराइएको। | १ | | |

| | | | |
|---|---|---|---|
| ७९. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २४ बमोजिम सबैले देखे स्थानमा नागरिक बडापत्र राखिएको। | १ | | |
| ८०. दैनिक भ्रमण भत्ताको अभिलेख (भ्रमण खाता) राखे गरिएको र भ्रमण प्रतिवेदन बिना दैनिक भ्रमण भत्ताको भुक्तानी वा सोको पेश्की फछ्यौंट नगरेको। | १ | | |
| ८१. वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका मुख्य-मुख्य कार्यक्रम वा आयोजना कार्यान्वयनको अनुगमन गरेको। | १ | | |
| ८२. भ्रमण वा अनुगमनबाट फर्किए पश्चात भ्रमण वा अनुगमन प्रतिवेदन बुझाउने गरिएको र प्रतिवेदन कार्यान्वयन गरिएको। | १ | | |
| ८३. मन्त्रालय वा निकायले मातहतका कार्यालयहरु समेतको बजेट तथा कार्यक्रम कार्यान्वयनको आवधिक रुपमा मुल्याङ्कन र प्रगति समीक्षा गर्ने गरेको। | १ | | |
| ८४. महालेखा परीक्षकको कार्यालयबाट प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजुहरु फछ्यौंट गरी पैतीस दिन भित्र सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको। | १ | | |
| ८५. तोकिएको ढाँचामा बेरुजुको लगत राखिएको र मन्त्रालय वा निकायले मातहतका कार्यालयको बेरुजुको केन्द्रीय अभिलेख राखेको। | १ | | |
| ८६. बेरुजु फछ्यौंट कार्ययोजनाको कार्यान्वयन गरिएको। | १ | | |
| (ख) नतिजागत सूचकहरु | | | |
| ८७. विकास आयोजना तथा परियोजनाको प्रभाव मूल्याङ्कन भएको। | १ | | |
| ८८. विकास आयोजना तथा परियोजनाको गुणस्तर परीक्षण, प्राविधिक मुल्याङ्कन गरिएको। | १ | | |
| ८९. मन्त्रालयको व्यवस्थापन परीक्षण गर्दा गत वर्षको परीक्षण भन्दा बढी वा सो सरहको अङ्क प्राप्त गरेको। | १ | | |
| ९०. मन्त्रालय र मातहतका निकायबाट सम्पादन गरिने काम कारबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्ययोजना अनुसार अनुगमन हुने गरेको। | १ | | |
| ९१. बेरुजु फछ्यौंट कार्ययोजना अनुरुप बेरुजु फछ्यौंट भएको। | १ | | |
| (ग) वित्तीय अनुशासन सम्बन्धी सूचकहरु | | | |
| ९२. गत आर्थिक वर्ष सम्मको असुल गर्नुपर्ने बेरुजु असुल गर्न बाँकि नरहेको। | १ | | |
| ९३. अन्तिम लेखा परीक्षण गर्दा आर्थिक कारोबारमा शून्य (०%) बेरुजु रहेको। | १ | | |
| ९४. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २९ अनुसार आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्ने गरिएको। | १ | | |
| ९५. निर्माण सम्पन्न आयोजनाको अन्तिम बिल भुक्तानी दिदा सार्वजनिक परीक्षण वा सामाजिक परीक्षण गरेर मात्र भुक्तानी दिने गरिएको। | १ | | |

| | | | |
|---|---|---|---|
| ९६. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ३४ अनुसार कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोकी निजमार्फत कम्तीमा महिनाको एक पटक भए गरेको कामकारबाहीको विषयमा सार्वजनिक रूपमा जानकारी दिने गरिएको । | १ | | |
| ९७. आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली लागू गरी नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन गरिएको। | १ | | |
| ९८. पदाधिकारी तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गरेको। | १ | | |
| ९९. प्रचलित कानून बमोजिम निर्णय गर्ने अधिकारीले आफ्नो स्वार्थ बाझिएका विषयहरुको निर्णयमा सहभागी नभई माथिल्लो निकायमा निर्णयका लागि पठाउने गरेको। | १ | | |
| १००. आर्थिक कार्यविधि कानूनको व्यवस्था अनुसार दण्डित र पुरस्कृत गरेको। | १ | | |

## ङ. राजस्व तथा धरौटी व्यवस्थापन

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| (क) प्रक्रियागत सूचकहरु | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| १०१. कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरुको अध्यावधिक विवरणमा सेवाग्राही वा सरोकारवालाहरुको सहज पहुच हुने गरी सार्वजनिक गरेको। | १ | | |
| १०२. सेवाग्राही वा करदातालाई कर तथा गैह्रकर सम्बन्धी सूचना वा फारमहरु सहज रुपमा उपलब्ध गराईएको। | १ | | |
| १०३. सार्वजनिक निकायहरुबाट सञ्चालित कोषहरू प्रदेश कानून अनुसार मात्र सञ्चालनमा आएको र सो अनुसार खर्च हुने गरेको। | १ | | |
| १०४. राजस्व सङ्कलन बैंकमार्फत मात्र हुने गरेको साथै नगद जम्मा भएको राजस्व सोही दिन वा भोलिपल्ट बैंक दाखिला गरेको। | १ | | |
| १०५. तोकिएको कार्यविधि अनुरुप धरौटीको आम्दानी, फिर्ता, खर्च तथा सदरस्याहा गरेको। | १ | | |
| (ख) नतिजागत सूचकहरु | | | |
| १०६. सेवा शुल्क, दस्तुर र राजश्वमा गत वर्षको तुलनामा वृद्धि भएको। | १ | | |
| १०७. राजश्व प्रणालीलाई विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरी आम्दानी रसिद जारी गर्ने गरेको। | १ | | |

| | | | |
|---|---|---|---|
| १०८. सेवाग्राहीले बुझाउनु पर्ने राजस्व कार्यालयमा भौतिक रुपमा उपस्थित नभइ अनलाईन माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गरिएको। | १ | | |
| १०९. गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता भिडान भएको। | १ | | |
| ११०. कार्यसञ्चालन कोषको आम्दानी तथा खर्च बैंकसँग भिडान भएको। | १ | | |
| (ग) वित्तीय अनुशासन सम्बन्धी सूचकहरु | | | |
| १११. गत आर्थिक वर्षमा कुनै पनि प्रकारको राजस्व छुट तथा मिनाहा नदिएको र प्राप्त हुने कुनै पनि राजस्व बक्यौता नरहेको। | १ | | |
| ११२. राजस्व तथा धरौटी वापतको रकम अन्य प्रयोजनमा खर्च नगरिएको। | १ | | |
| ११३. प्रदेशलाई प्राप्त हुने सबै प्रकारको राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने गरेको। | १ | | |
| ११४. धरौटी तथा राजश्व खातामा जम्मा गर्नुपर्ने रकम सम्बन्धित खाता तथा शीर्षकमा जम्मा भएको। | १ | | |
| ११५. आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका नगदी रसिदहरु चालु आर्थिक वर्षमा जिम्मेवारी सारी आम्दानी बाँधिएको। | १ | | |
| ११६. आर्थिक वर्षको अन्त्यमा दाखिला गर्न बाँकी नगद राजश्व र लगती राजश्व चालु आर्थिक वर्षमा जिम्मेवारी सारिएको। | १ | | |

अनुसूची- ४

दफा ३ को उपदफा (५) संग सम्बन्धित

**प्रदेशको वित्तीय सुशासन जोखिमको एकीकृत मूल्याङ्कनका सूचकहरू र मूल्याङ्कन तालिका**

१. योजना, बजेट, कार्यक्रम तर्जुमा तथा स्वीकृति सम्बन्धी

| सूचक | अवस्था वा नतिजा तथा अङ्कभार | | | प्रमाणीकरणको आधार र स्रोत |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | |
| १. आर्थिक कार्यविधि कानूनको तर्जुमा | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको । | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा भएको । | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको । | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनको प्रदेश राजपत्र, २. प्रदेश आर्थिक कार्यविधि तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली स्वीकृति |
| २. आवधिक योजना | आवधिक योजना निर्माण नभएको । | आवधिक योजना निर्माण भई यसको आधारमा परियोजना बैंकसमेत निर्माण गरिएको । | आवधिक योजनाका आधारमा निर्माण गरिएको परियोजना बैंकलाई वार्षिक बजेट तथा कार्यक्रम मार्फत् कार्यान्वयनमा ल्याइएको। | १. आवधिक योजना<br>२. परियोजना बैंक<br>३. MTEF र वार्षिक विकास कार्यक्रम |
| ३. मध्यकालीन खर्च संरचना | मध्यकालीन खर्च संरचना निर्माण नभएको । | मध्यकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनामा आधारित रहेको । | आवधिक योजना र बजेटमा आधारित मध्यकालीन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइएको । | १. मध्यकालीन खर्च संरचना<br>२. सभामा पेश भएको प्रतिवेदन<br>३. प्रकाशन |
| ४. मन्त्रालय वा निकायको पाँच वर्षीय रणनीतिक कार्यान्वयन योजना | प्रदेश आवधिक योजनाको आधारमा सबै मन्त्रालय वा निकायले पाँच बर्षीय रणनीतिक कार्यान्वयन योजना निर्माण नगरेको। | सबै मन्त्रालय वा निकायले पाँच बर्षीय रणनीतिक कार्यान्वयन योजना निर्माण गरेको। | सबै मन्त्रालय वा निकायले पाँच बर्षीय रणनीतिक कार्यान्त्रयन योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको। | १. प्रदेश आवधिक योजना<br>२. मन्त्रालयहरुको पाँच वर्षीय रणनीतिक कार्यान्वयन योजना<br>३. कार्यान्वयनको अवस्था, समीक्षा |
| ५. वित्तीय समानीकरण अनुदान सम्बन्धी कानून | नेपालको संविधानको धारा ६० को उपधारा (५) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदानसम्बन्धी कानून तर्जुमा नगरेको । | नेपालको संविधानको धारा ६० को उपधारा (५) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदान सम्बन्धी कानून तर्जुमा गरी आगामी आर्थिक वर्षमा स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको विवरण चैत्र मसान्तभित्र उपलब्ध गराईएको। | प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदान सम्बन्धी कानून तर्जुमा भई आगामी आर्थिक वर्षमा स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको विवरण चैत्र मसान्तभित्र उपलब्ध गराईएको। साथै प्रदेश विनियोजन ऐनमा तोकिएको समयावधिभित्रै वित्तीय समानीकरण अनुदानको रकम स्थानीय तहलाई निकासा दिइएको। | १. प्रदेश राजपत्र, स्वीकृत कानून<br>२. वित्तीय समानीकरण अनुदानको वितरण रकम |
| ६. सशर्तर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कानून | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त, विशेष र समपुरक अनुदान | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कानून वा कार्यविधि तर्जुमा भई सो बमोजिम अनुदान | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानसम्बन्धी कानून वा कार्यविधि तर्जुमा भई सो | १. कानूनको दस्तावेज<br>२. सशर्त, विशेष र समपुरक अनुदानको स्वीकृत रकम<br>३. वार्षिक प्रगति समिक्षा र आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | वितरणसम्बन्धी कानून, कार्यविधि तर्जुमा नगरेको । | प्रदान गरिएको र नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन समेत गरेको। | अनुदान प्रदान गरिएको र नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन समेत गरेको। साथै तोकिएको समय र प्रक्रिया अनुसार स्थानीय तहमा सशर्त, समपूरक र विशेष अनुदान बापतको रकम निकासा गरिएको | विवरण<br>४. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन |
| ७. संघ वित्तीय समानिकरण अनुदानको विनियोजन | प्रदेशको बजेट तर्जुमा गर्दा संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चमा विनियोजन भएको। | प्रदेशको बजेट तर्जुमा गर्दा संघबाट प्राप्त हुने वित्तीय समानीकरणको अनुदानको रकम प्रशासनिक खर्चमा विनियोजन नभएको। | प्रदेशको बजेट तर्जुमा गर्दा संघबाट प्राप्त हुने वित्तीय समानीकरणको अनुदानको रकम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले सिफारिस गरेका विषय वा क्षेत्रहरुमा खर्च हुने गरी विनियोजन गरिएको। | १. स्रोतगत विनियोजन (रातो किताब)<br>२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस |
| ८. आन्तरिक ऋण | प्रदेशले आन्तरिक ऋण लिंदा नेपाल सरकारको सहमति नलिएको। | प्रदेशले आन्तरिक ऋण लिंदा नेपाल सरकारको सहमति लिएको। | प्रदेशले आन्तरिक ऋण लिंदा नेपाल सरकारको सहमति लिएको। साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमा भित्र रहेर आन्तरिक ऋण लिइएको। | १. नेपाल सरकारको अनुमति वा स्वीकृति पत्र<br>२. प्रदेश विनियोजन ऐन, आन्तरिक ऋण उठाउने सम्बन्धी ऐन<br>३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस |
